# स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

## दार्मा गाउँपालिका, सल्यान
## कर्णाली प्रदेश
## नेपाल

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -६, सङ्ख्या : २ मिति : २०७९/०७/०२**

## भाग -२

# दार्मा गाउँपालिका

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०७/३०**

**प्रमाणीकरण मिति : २०७९/०७/०२**

**प्रस्तावना :** दार्मा गाउँपालिका भित्र निर्माण हुने, निर्माणका क्रममा रहेका र निर्माण सम्पन्न भईसकेका विभिन्न पूर्वाधार आयोजनाहरुलाई दिगो रुपमा सञ्चालन गर्न र सो आयोजनावाट प्राप्त हुने लाभहरुलाई लामो अवधी सम्म प्राप्त गर्न त्यस्तो आयोजनाको व्यवस्थित रुपमा मर्मत सम्भारको कार्य सञ्चालन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले दार्मा गाउँपालिकाले देहायको कार्यविधि वनाई लागु गरेको छ ।

दिगो तथा भरपर्दो समुदायमा आधारित पूर्वाधार विकासले समुदायमा निरन्तर प्रतिफल दिन्छ । यसको जिवन्तताका लागी निर्माण भएका योजना वा परियोजनाको नियमित मर्मत तथा सम्भार समय सापेक्ष एवं आवश्यकता अनुसार नहुदा संचालनका पक्षहरुमा गम्भिर समस्याहरु भोगिरहनु

परेको बिद्यमान परिवेशमा परियोजनाको निर्माण सम्पन्न भएपछि दिगोरुपमा कसरी संचालित भईरहनसक्छ भन्ने कुरा नियमन नभएकाले मर्मत सम्भार कार्यलाई ऐच्छिक ब्यवस्थाको रुपमा लक्षित वर्गहरुले अंगिकार गर्दा बिगत देखि वर्तमान सम्म निर्माण भई सञ्चालनमा रहेका योजनाहरु दिर्घकालिन रुपमा उपलब्धिमुलक हुन सकिरहेका छैनन् । यस अवस्थालाई मध्यनजर गरि भौतिक पुर्वाधार निर्माण पश्चातको मर्मत तथा सम्भार कोषको प्रबन्ध एवं मर्मत सम्भार कार्यलाई निरन्तरता दिन नेपाल सरकार कर्णाली प्रदेश, दार्मा गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले प्रदत्त अधिकार प्रयोग गरि यो "कार्यविधि" बनाई लागु गरेको छ । यो कार्यविधि गाउँसभाबाट पारित भएको मितिबाट तुरुन्त लागु हुने छ । स्थानीय, प्रदेश, संघ सरकार तथा सहयोगी निकायहरुले परियोजनाहरु निर्माण गरि समुदायलाई हस्तान्तरण उपरान्तका अवस्थामा मर्मत सम्भार कोष तथा कार्यहरु प्रभावकारी रुपमा संचालन गर्ने हेतुले यो कार्यविधिले दिशानिर्देश गर्नेछ ।

## परिच्छेद १

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **: स्थानिय पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि** रहेको छ ।

(२) यो "कार्यविधि" कार्यपालिकाको वैठकवाट स्विकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "उपभोक्ता" भन्नाले पूर्वाधार आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने पूर्वाधार आयोजना सञ्चालन हुने क्षेत्रभित्रका स्थायी तथा अस्थायी रुपमा वसोवास गर्ने व्यक्ति सम्भनु पर्छ ।

ख) "उपभोक्ता समिति" भन्नाले पूर्वाधार आयोजनाको योजना तर्जुमा, योजना कार्यान्वयन तथा सञ्चालन, ब्यवस्थापन, रेखदेख र मर्मत सम्भार गर्नका लागि उपभोक्ताहरुले आफुहरुमध्येवाट गठन गरेको समिति सम्भनु पर्दछ ।

ग) "समिति" भन्नाले दफा ७ बमोजिम गठित पूर्वाधार आयोजनाको मर्मत सम्भार ब्यवस्थापन समिति सम्भनु पर्छ ।

घ) "गाउँपालिका " भन्नाले दार्मा गाउँपालिकालाई सम्भनु पर्दछ ।

ङ) "कोष" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिमको मर्मत सम्भार कोष सम्भनु पर्छ ।

च) "पूर्वाधार आयोजना" भन्नाले दार्मा गाउँपालिका र सो अर्न्तगतको वडावाट पूर्ण वा आँशिक लागत साभ्केदारीमा सञ्चालित पूर्वाधार आयोजना, कार्यक्रम वा परियोजना सम्भनु पर्दछ र सो शब्दले दार्मा गाउँपालिका वाट सूचिकृत भएको गैर सरकारी संघसस्था र गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाहरु एवं विकास साभ्केदारहरुको सहयोगमा निर्माण सम्पन्न भएका वा हुने पूर्वाधार आयोजनाहरु समेत जनाउँछ ।

छ) "मर्मत सम्भार" भन्नाले निर्माण सम्पन्न भएका वा निर्माणधिन अवस्थामा रहेका पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार सम्भन्नु पर्छ ।

ज) "वडा" भन्नाले दार्मा गाउँपालिकाको वडा सम्झनु पर्छ (स्थानिय सरकार संचालन ऐन, २०७४, परिच्छेद-२, दफा-५ को उप-दफा १ र २ अनुसारका वडा) ।

झ) “संरक्षण समिति” भन्नाले सार्वजनिक खरिद सम्वन्धि प्रचलित कानून बमोजिम निर्माण व्यवसायी मार्फत निर्माण सम्पन्न हुने पूर्वाधार आयोजनाको मापदण्ड अनुरुपको गुणस्तर कायम गर्न तथा निर्माण सम्पन्न पश्चात सो आयोजनाको संरक्षण, ब्यवस्थापन तथा मर्मत सम्भार गर्न पूर्वाधार आयोजनाका लाभग्राहीहरुमध्येवाट गठन भएको समिति सम्झनु पर्छ ।

ञ) "सम्झौता" भन्नाले पूर्वाधार आयोजनाको निर्माण, सञ्चालन, ब्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यपालिका र निर्माण ब्यवसायी वा उपभोक्ता समिति वीच भएको लिखित करारनामा वा कबुलियतनामा सम्झनु पर्छ ।

**३. कार्यविधिको पालना गर्नुपर्ने :** दार्मा गाउँपालिका भित्र निर्माण भएका वा निर्माण हुने पूर्वाधार आयोजनाहरुको निर्माण, सञ्चालन, तथा मर्मत सम्भार कार्यको लागि गठित उपभोक्ता समिति वा संरक्षण समिति, तथा गाउँपालिकासँग सहकार्य गर्ने निर्माण व्यवसायी संघ, विकास साझेदारहरु तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने सवै सरोकारवालाहरुले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

**४. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :–

क. गाउँपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुलाई दिगो रुपमा सञ्चालन गर्नु ,

ख. उपभोक्ता समिति, मर्मत सम्भार/संरक्षण समिति तथा गाउँपालिका लाई पूर्वाधार आयोजनाको सञ्चालन तथा मर्मत सम्भारमा जवाफदेही वनाउनु ,

ग. गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी तथा गैर नाफामूलक संघ संस्था वा अन्य सामुदायिक संस्थाहरुलाई पूर्वाधार आयोजना सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्दा पूर्ण जिम्मेवार वनाउनु ,

घ. आयोजनावाट लाभग्राहीहरुले दीर्घकाल सम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था श्रृजना गर्नु ,

ङ. गाउँपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुको वार्षिक रुपमा विस्तृत विवरण (Inventory) अध्यावधिक गरी मर्मत सम्भार सम्वन्धी योजना तर्जुमामा सहयोग पुऱ्याउनु ,

च. पूर्वाधार आयोजनाहरुको योजनावद्ध र नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्न गराउनु

## परिच्छेद –२

## स्थानीय पुर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन प्रक्रिया

**५. पूर्वाधार आयोजनाको वर्गिकरण :** (१) पूर्वाधार आयोजनाको बर्गिकरण देहाय बमोजिम हुनेछ

क. **सामुदायिक पूर्वाधार** : निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका ( जस्तै खानेपानी, सिंचाई, लघु जलविद्युत, उच्च घर, आदि) आयोजनाहरु,

ख. **सार्वजनिक पूर्वाधार** : निश्चित उपभोक्ता मात्र नभई ठुलो सँख्यामा उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका (जस्तै ग्रामिण तथा कृषि सडकहरु, भ्ोलुङ्गे तथा ट्रेयल पुल, कल्भर्ट आदि ) आयोजनाहरु र

ग. **मिश्रित प्रकृतिका :** (नीजि, सामुदायिक र सार्वजनिक) पूर्वाधार आयोजनाहरु जसवाट निजी सम्पतीहरु संरक्षण गर्ने, वाढी नियन्त्रण गर्ने आयोजनाहरु जस्तै जैविक तथा तारजालीयुक्त तटवन्ध, पहिरो नियन्त्रण गर्न सञ्चालन गरिने आदी) आयोजनाहरु

**६. मर्मत सम्भार गरिने पूर्वाधार आयोजनाको छनौट प्रक्रिया :** (१). प्रत्येक मर्मतसम्भार/संरक्षण समितिले आ-आफ्नो आयोजनाहरुको भौतिक पुर्वाधार शाखाले तोकेवमोजिमको नमुना फारम भरि सम्वन्धित वडामा पेश गर्ने छ । समान्य अवस्थामा आ.व. समाप्त भएको प्रथम चौमासिक अवधि भित्र र/वा पा्रकृतिक प्रकोप भइ क्षति भएको अवस्थामा घटना भएको एक महिना भित्रमा पेस गरिने छ । यसरी प्राप्त हुन आएको मर्मत सम्भार गरिनु पर्ने आयोजनाहरुलाई सम्वन्धित वडा कार्यालयले अनुसुची-१ अनुसारको विवरण तयार गरि सम्वन्धित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) सामान्य अवस्थामा उपदफा (१) बमोजिम विवरण पेश गर्दा वडा कार्यालयले विवरणमा उल्लेखित पूर्वाधार आयोजनाहरुमध्येवाट आफ्नो वडाभित्र एक आर्थिक वर्षमा तत्काल मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरण गरी मर्मत सम्भारका लागि योजना तर्जुमा प्रक्रिया अनुरुप कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३).उपदफा (२) बमोजिम मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरु कार्यपालिकामा पेश गर्नुपुर्व लागत अनुमान तथा सम्भाब्यता अध्ययन समेत गर्नु पर्ने भएमा सम्वन्धित वडा कार्यालयले प्राविधिकको समेत सहयोग लिई लागत अनुमान तथा सम्भाब्यता अध्ययन सम्पन्न गरी सो समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) वमोजिम पूर्वाधार आयोजनाको मर्मत सम्भारको प्राथमिकीकरण गर्दा मर्मत सम्भार कोष स्थापनामा योगदान पुऱ्याएका आयोजनाहरुलाई मर्मत सम्भारको लागि उच्च प्राथमिकता दिनु पर्नेछ ।

## ७. स्थानिय पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठन तथा परिचालन

क. पूर्वाधार आयोजनाहरुको अद्यावधिक विवरण तयार गर्न तथा पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण तथा प्राथमिकीकरण गरी मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न, गराउन गाउँपालिका स्तरमा पूर्वाधार आयोजना मर्मत सम्भार कोष व्यवस्थापन समिति (स्थानिय सरकार संचालन ऐन-२०७४, परिच्छेद-३, दफा १४, उपदफा १) गठन गर्नु पर्नेछ । उक्त समितिमा कम्तिमा ३३ प्रतिशत महिला र पुर्वाधार आयोजना संचालन गर्ने विषयगत समितिको प्रतिनिधित्व समेत हुने गरी ९ देखि ११ जना सम्मको समिति हुने छ । सो समितिको सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी रहने छ ।

ख. स्थानिय पुर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन लाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न उक्त समितिमा देहाय वमोजिमको पदाधिकारीहरु रहने छ -:

१. गाउँपालिका अध्यक्ष - संयोजक

२. गाउँपालिका उपाध्यक्ष - वरिष्ठ सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

४.पुर्वाधार विकास समिति संयोजक- सदस्य

५. योजना तथा अनुगमन शाखा प्रमुख -सदस्य

६. आर्थिक विकास समिती संयोजक -सदस्य

७. समाजिक विकास समिती संयोजक -सदस्य

आमन्त्रित सदस्यहरु :

१. उक्त क्षेत्रबाट निर्वाचत प्रदेश सभा सदस्यहरु तथा वडा अध्यक्षहरु

२. उक्त क्षेत्रमा भौतिक पूर्वाधारमा काम गर्ने गै.स.स प्रतिनिधि १ जना

ख) समितिको वैठक कम्तीमा ३ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै बेला पनि वस्न सक्नेछ ।

ग) वैठकमा आवश्यकता अनुसार कसैलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिनेछ ।

**७.२ स्थानिय पुर्वाधार मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार-:**

क.मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ ।

१. समितिले गाउँपालिकामातहत रहेका दफा ६ बमोजिम वडा कार्यालयवाट मर्मत सम्भारको लागि पेश भएका पूर्वाधार आयोजनाहरुको विवरण अनुसूचि १ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो चौमासिक भित्र अद्यावधिक गरी सम्भव भए सम्म भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थान र अवस्था सहित नक्साँकन तयार गर्नु/गराउनु पर्ने छ।

२. दफा (५) बमोजिम पूर्वाधार आयोजनाहरुको विवरण अभिलेखिकरण गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ।

(क) जनश्रमदान र सहयोगी निकायवाट निर्माण भएका आयोजनाहरु,

(ख) कम्तिमा ५ वर्ष देखि चालु आर्थिक वर्ष सम्मका निर्माण कार्य सम्पन्न भएका आयोजनाहरु,

तर ग्रामिण तथा कृषि सडक, पुल तथा भवन, सिंचाई लगायतको पुर्वाधारहरु आयोजनाहरुको हकमा चालू अवस्थाका वा आंशिक मर्मत गर्दा सञ्चालनमा आउन सक्ने अवस्थामा रहेका आयोजना पुरानो भए पनि अभिलेखिकरण गरिने छ।

३. समितिले गाउँपालिकामातहतका पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण गरी सम्वन्धित विषयगत समितिमा पठाउने. छ। विषयगत समितिले आफ्नो विषयगत क्षेत्र भित्रका योजनाहरुलाई भौगोलिक सूचना प्रणाली मा नक्साङ्कनको लागि आवश्यक प्रवन्ध मिलाउने छ।

४. कार्यपालिकाले आफ्नो कार्यक्षेत्र अर्न्तगत मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरणको लागि निश्चित मापदण्डहरु निर्धारण गरी त्यस्तो मापदण्डको आधारमा समितिले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी विषयगत समितिमा पठाउने छ।

५. दफा (७) बमोजिम समितिवाट पेश भएका पूर्वाधार आयोजनाहरुलाई सम्वन्धित विषयगत समितिले अध्ययन गरी वार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकता सहितको विवरण कार्यपालिकाको वैठकमा पेश गर्नेछ।

६. कार्यपालिकाले मर्मत सम्भार गर्नुपर्ने योजनाहरु छनौट गर्दा सम्वन्धित विषयगत समितिले मर्मत सम्भारको लागि प्राथमिकता सहित पेश गरेका योजनाहरुलाई आधार मानी क्रमशः कार्यान्वयन गर्नेछ।

तर दफा (९) बमोजिम उपभोक्ता वा संरक्षण समितिको कोषमा रकम गाउँपालिका वाट हस्तान्तरण गर्नुपुर्व उपभोक्ता वा संरक्षण समितिले अनुसुचि ५ बमोजिमको ढाँचामा पूर्वाधार आयोजनाको मर्मत सम्भार कोष संचालन तथा परिचालन कार्यविधि तयार गर्नु पर्नेछ।

७. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद परी प्राथमिकता सूचिमा रहेको भन्दा अन्य आयोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा कार्यपालिकाको निर्णय अनुसार विपद व्यवस्थापन ऐन, २०७४ तथा विपद् व्यवस्थापन कोष संचालन कार्यविधीले तोकेको प्रक्रिया अनुसार आयोजनाहरुको मर्मत सम्भार कार्य गर्नु पर्नेछ ।

८.विपदको अवस्थामा वाहेक अन्य अवस्थामा गाउँपालिकाले पूर्वाधार आयोजनाहरुको मर्मत सम्भारको लागि वजेट विनियोजन गर्नुपर्ने भएमा त्यस्ता आयोजनाहरुलाई योजना तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्नेछ ।

९.निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको निर्माणको कारणवाट पूर्ण वा आंसिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले निश्चित अवधिसम्मको लागि त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माण कार्य सो आयोजनाको निर्माण गर्ने निर्माण ब्यवसायीवाट नै खर्च ब्यहोर्ने गरी आवश्यक निर्णय गर्नु पर्नेछ ।

१०.उपदफा (९) बमोजिम निर्माण ब्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको कारण वाहेक अन्य कारणवाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माणको लागि आवश्यक अन्य उपयुक्त ब्यवस्था गर्नु पर्नेछ ।

(११) धेरै पुराना वा जिर्ण अवस्थाका पूर्वाधार आयोजनाहरु मर्मत सम्भार गर्नु पर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रम अर्न्तगत समावेश गरिने छैन । यस्ता पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना सञ्चालन कै प्रक्रिया अनुसार हुनेछ ।

८. **पूर्वाधार आयोजनाको जिम्मेवारी हस्तान्तरण** : (१) उपभोक्ता समिति मार्फत निर्माण सञ्चालन भई सम्पन्न भएका पूर्वाधार आयोजनाहरुको हकमा कार्यपालिकाले त्यस्ता आयोजनाहरुको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी अनुसूचि २ बमोजिमको ढाँचामा पूर्वाधार आयोजना हस्तान्तरणको प्रमाण पत्र दिनु पर्नेछ ।

(२) निर्माण व्यवसायी मार्फत निर्माण भई सम्पन्न भएका सामुदायिक पूर्वाधार आयोजनाहरुको हकमा कार्यपालिकाले आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरु मध्येवाट सो आयोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि संरक्षण समिति गठन गरी सो समितिलाई पूर्वाधार योजनाको हस्तान्तरणको प्रमाण पत्र दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पूर्वाधार आयोजना हस्तान्तरण गर्दा कार्यपालिकाले त्यस्तो आयोजनाको संरक्षण, ब्यवस्थापन तथा मर्मत सम्भारको लागि उपभोक्ता समिति वा संरक्षण समिति, वडा कार्यालय र गाउँपालिकाएवं अन्य सहयोगी निकायको जिम्मेवारी प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।

(४) निर्माण व्यवसायी मार्फत निर्माण सम्पन्न गरिने सामुदायिक पूर्वाधार आयोजनाहरु कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुवाट प्रत्यक्ष लाभान्वित हुने समुदाय वा उपभोक्ताहरुलाई आयोजना निर्माणको सवै चरणहरुमा नै प्रत्यक्ष रुपमा सहभागी गराउनु पर्नेछ।

९ **मर्मत सम्भार सम्वन्धी सचेतना र क्षमता विकास :** (१). पूर्वाधार आयोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्वन्धमा सचेतना अभिवृद्दि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) मर्मत सम्भार सम्वन्धी सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भार सम्वन्धी व्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि सम्वन्धी कार्यक्रम गर्नु पर्नेछ।

(३) पूर्वाधार आयोजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने कार्यका लागि आयोजनाको प्रकृति अनुसार उपभोक्ता समितिले आयोजना कार्यान्वयन हुनु पूर्व नै मर्मत सम्भार कार्यकर्ता छनौट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएका मर्मत सम्भार कार्यकर्ताको क्षमता विकास गर्न सम्वन्धित पूर्वाधार आयोजना सम्पन्न हुनु पूर्व प्रारम्भिक तालिमको व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम छनौट भएका मर्मत सम्भार कार्यकर्ताको भूमिका अनुसूचि ३ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद– ३

## स्थानिय पूर्वाधार आयोजनाको मर्मत सम्भार सञ्चालन

१०. **सामुदायिक पूर्वाधार आयोजनाहरु :** (१) निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका पूर्वाधार आयोजनाहरु (जस्तै खानेपानी, सिंचाई, लघु जलविद्युत, उच्चघर आदि) उपभोक्ता समितिले निर्माण गरेको भए त्यस आयोजनाको मर्मत सम्भार गर्ने दायित्व सम्वन्धित उपभोक्ता समितिको हुनेछ।

(२) उपभोक्ता समितिको गठन तथा परिचालन स्थानीय तहको उपभोक्ता समिति गठन र परिचालन सम्वन्धी प्रचलित कार्यविधि बमोजिमको हुनेछ।

(३) उपभोक्ता समितिवाट निर्माण भएका पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य उपभोक्ता समितिको क्षमताले सम्भव नभएमा गाउँपालिकावा अन्य निकायको सहयोग लिई सम्वन्धित उपभोक्ता समितिले आयोजनाको मर्मत सम्भार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम आयोजनाको मर्मत सम्भार गर्नुपर्ने भएमा सो सम्वन्धमा नगरपालिकाले तोकेको प्रक्रिया पूरा गरी मर्मत सम्भार कार्य सम्पन्न गर्नु पर्नेछ।

तर विपदको कारणले पूर्वाधार आयोजनाको क्षति भई पुनःनिर्माण वा मर्मत सम्भार गर्नुपर्ने भएमा विपद व्यवस्थापन सम्वन्धी प्रचलित संघीय कानुनमा तोकिए बमोजिम आयोजनाको पुनः निर्माण वा मर्मत सम्भार गर्नु पर्नेछ ।

(५) निर्माण व्यवसायी मार्फत सञ्चालन भएको पूर्वाधार आयोजनाको हकमा सो आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताको अधिकतम सहभागीतामा सम्वन्धीत आयोजना स्थलमा सात देखि एघार जना सम्मको संरक्षण समिति गठन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम संरक्षण समिति गठनको लागि समय, मिति, स्थान र विषय समेत स्पष्ट उल्लेख गरी कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा सम्वन्धित उपभोक्ताहरुलाई जानकारी गराउनु पर्नेछ ।

(७) संरक्षण समिति गठन गर्दा गाउँपालिकावा वडा कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(८) आयोजनाको दीर्घकालिन मर्मत सम्भार तथा ब्यवस्थापनको लागि आयोजनाको प्रकृति अनुसार स्थानीय मर्मत सम्भार कार्यकर्ता उपभोक्ता समिति/संरक्षण समितिले छनौट गरी आयोजनाको शुरुवाती अवस्था देखि नै परिचालन गर्न सक्नेछ ।

(९) यस दफा बमोजिम पूर्वाधार आयोजनाको संरक्षण, ब्यवस्थापन तथा मर्मत सम्भारको लागि गठन हुने उपभोक्ता वा संरक्षण समिति र नगरपालिकाको काम कर्तब्य र अधिकार अनुसूचि ४ मा उल्लेख भए बमोजिमको हुनेछ ।

**११. <u>सार्वजनिक आयोजना</u> :** (१) निश्चित उपभोक्ता मात्र नभई ठुलो सँख्यामा उपभोक्ताहरुले लाभ लिने प्रकृतिका आयोजनाहरु (जस्तै ग्रामिण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुल, कल्भर्ट आदि) तथा मिश्रीत प्रकृतिका पूर्वाधार आयोजनाहरु उपभोक्ता समितिले निर्माण गरेको भएमा त्यस्तो योजनाको मर्मत सम्भार गर्ने दायित्व पनि सम्वन्धित उपभोक्ता समतिको हुनेछ ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य उपभोक्ता समितिको क्षमताले नपुग्ने भएमा उपभोक्ता समितिले गाउँपालिकावा अन्य निकायको सहयोग लिई सो आयोजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

तर विपदको कारणले पूर्वाधार आयोजनाको क्षति भई पुनःनिर्माण वा मर्मत सम्भार गर्नुपर्ने भएमा विपद व्यवस्थापन सम्वन्धी प्रचलित संघीय कानूनमा तोकिए बमोजिम आयोजनाको पुनः निर्माण वा मर्मत सम्भार कार्य गर्नु पर्नेछ ।

(३) यस दफामा उल्लेखित ब्यवस्थाको अतिरिक्त सार्वजनिक वा मिश्रित प्रकृतिका पूर्वाधार आयोजनाको मर्मत सम्भार सम्वन्धी अन्य प्रक्रिया दफा ९ को उपदफा (५) देखि (९) सम्म मा उल्लिखित ब्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद –४

### मर्मत सम्भार कोष स्थापना तथा परिचालन

१२. मर्मत सम्भार कोषको स्थापना : (१) गाउँपालिकास्तरवाट सम्पन्न पूर्वाधार आयोजनाहरुको नियमित मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोतको संकलन तथा परिचालन गर्न गाउँपालिका र उपभोक्ता समिति वा संरक्षण समति स्तरमा गरी दुईवटा छुट्टाछुट्टै मर्मत सम्भार कोष रहनेछन् ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकास्तरमा रहने कोषमा रहने रकमको संकलन तथा सो रकमको परिचालनका लागि गाउँपालिकाले स्थानीय संचित कोषको खाता रहेको वैंक वा वित्तीय संस्थामा एक छुट्टै खाता खोली राख्नु पर्नेछ ।

(३) कोषको प्रयोग तथा सञ्चालन गाउँपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम उपभोक्ता समिति/संरक्षण समिति स्तरमा रहने कोष सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको निर्णय अनुसार सम्वन्धित गाउँपालिकाले तोकेको बैंक वा वित्तीय संस्थामा सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको खाताको सञ्चालन सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट हुनेछ र खाता सञ्चालकहरुमध्ये अनिवार्य रुपमा कम्तीमा एक जना महिला हुनु पर्नेछ ।

(६) गाउँपालिका र सो अर्न्तगतको वडा कार्यालयले निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण गरिने पूर्वाधार आयोजनाको लागि विनीयोजित कुल वजेटको गाउँ सभाले तोकेको प्रतिशत रकम मर्मत सम्भार कोषको लागि विनियोजन गर्नु पर्नेछ र सो **रकम लागत अनुमानमा नै समावेश** गरेको हुनु पर्नेछ ।

(७) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने सामुदायिक पूर्वाधार आयोजनाको मर्मत सम्भार वापत विनीयोजित वजेटको १ प्रतिशत वजेट योजना सम्पन्न पश्चात गाउँपालिकाको मर्मत सम्भार कोषमा रहनेछ

तर सार्वजनिक पुर्वाधार आयोजनाहरुमा मर्मत सम्भारको लागि विनीयोजित रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा नै राखिने छ ।

(८) निर्माण व्यवसायी मार्फत संचालन गरी उपभोक्ता समिति वा सरक्षण समितिलाई हस्तान्तरण गरिने सामुदायिक पुर्वाधार आयोजनाको हकमा आयोजना हस्तान्तरणसँगै मर्मत सम्भार कोषको लागि विनियोजीत रकम सो गाउँपालिकाको मर्मत सम्भार कोषमा रहने छ ।

(९) गाउँपालिकाले उपभोक्ता समिति वा संरक्षण समिति स्तरको मर्मत सम्भार कोषमा रकम हस्तान्तरण गर्नुपुर्व त्यस्तो समिति गाउँपालिकाको प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

(१०) दफा (९) बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिको मर्मत सम्भाार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नुपुर्व उपभोक्ता समितिले मर्मत सम्भार कार्यको विस्तृत विवरण सहितको योजना गाउँपालिकावाट स्विकृत गराउनु पर्नेछ ।

(११) उपभोक्ता समिति वा संरक्षण समितिले दफा (१०) बमोजिम गाउँपालिकाको स्विकृती विना खर्च गरेको पाईएमा गाउँपालिकाले समुहको वैंक खाता रोक्का गरी आवश्यक कारवाहीको प्रक्रिया अगाडि वढाउन सक्नेछ ।

(१२) उपभोक्ता समिति वा संरक्षण समितिले रु. १,००,००० अक्षेरुपी एक लाख भन्दा बढी रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा गाउँपालिकावा वडा कार्यालयवाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लगत अनुमान गराई सो स्विकृत लगत अनुमान अनुसार मर्मत सम्भार कार्य गर्नुपर्ने छ ।

(१३) अन्य कुनै निकायवाट मर्मत सम्भार कोष वापतको रकम गाउँपालिकामा प्राप्त हुन आएमा उक्त रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा राख्नु पर्नेछ ।

(१४) गाउँसभा वा कार्यपालिकाले समयक्रममा मर्मत सम्भार कोषको लागि छुट्टाएको रकम समेत यस कोषमा जम्मा गर्नु पर्नेछ ।

१३. **मर्मत सम्भार कोषको रकम प्रयोग गर्न नपाईने :** यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन :–

(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(२) नियमित रुपमा गरिने विकास निर्माण सम्वन्धी कार्यहरुको लागि खर्च गर्न

(३) कुनै किसिमको गोष्ठी, अर्न्तक्रिया, वा सेमिनारमा भाग लिन वा संचालन गर्न तर पूर्वाधार आयोजनाको रेखदेखमा खटिने व्यक्तिको सीप अभिवृद्धि सम्वन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस वुँदाले वाधा पार्ने छैन ।

१४.**कोषको लेखा तथा लेखा परिक्षण :** कोषको लेखा तथा लेखा परिक्षण प्रचलित कानुनी व्यवस्था अनुसार हुनेछ ।

१५. **कोषको रकम फ्रिज नहुने** : कोषमा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज नभई मर्मत सम्भार कोषमा नै रहने छ ।

## परिच्छेद– ५

### विविध

१६. **अनुगमन सम्वन्धी व्यवस्था :** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम मर्मत सम्भार कार्यको नियमित वा आकस्मिक रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिले गरेको मर्मत सम्भार तथा पूर्वाधार आयोजनाहरुको व्यवस्थापन सम्वन्धी कार्यको नियमित अनुगमन गाउँपालिका तथा वडा कार्यालयवाट हुनेछ ।

१७. **बाधा अडकाउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८. कार्यविधिको संशोधन तथा परिमार्जन :** कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक सशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१९. अनुसूचिमा हेरफेर तथा थपघट** : कार्यपालिकाले अनुसूचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

२०. यस  कार्यविधिमा भएका प्रावधानहरु प्रचलित कानुनी व्यवस्थासँग बाझिएको हद सम्म स्वतः अमान्य भएको हुनेछ ।

अनुसूचि १

(कार्यविधिको दफा ७.२ क.१ संग सम्वन्धित)

...................... गाउँपालिका, ................ जिल्ला

पूर्वाधार आयोजनाहरुको लगत (विस्तृत विवरण)

योजनाको विवरण अद्यावधिक गरिएको साल र महिना

| सिं नं. | आयोजनाको नाम (कोड नं) | वडा नं | टोल | GPS Coordinate | | अनूमानित लागत | शुरु भएको साल | सम्पन्न भएको साल | हालको अवस्था (कुनै एकमा चिन्ह लगाउने) | | | | लाभान्वित घरधुरी | उपभोक्ता/संरक्षण समितिको कुनै एक पदाधिकारीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Long. | Lat | | | | राम्रो अवस्था ( मर्मत गर्न नपर्ने) | चलू हालतमा तर सामान्य मर्मत गर्नूपर्ने | चालू हालतमा तर जिर्ण अवस्थामा | पुन निर्माण गर्नुपर्ने अवस्था | | नाम | सम्पर्क नम्वर | |
| १ | **खानेपानी योजना** | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| २ | **सिंचाई योजना** | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| ३ | **कृषि तथा ग्रामिण सडक (स्थानीय तहवाट निर्माण भएको)** | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| ४ | अन्य | | | | | | | | | | | | | | | |

| सिं नं. | आयोजनाको नाम (कोड नं) | वडा नं | टोल | GPS Coordinate | | अनूमानित लागत | शुरु भएको साल | सम्पन्न भएको साल | हालको अवस्था (कुनै एकमा चिन्ह लगाउने) | | | | लाभान्वित घरधुरी | उपभोक्ता/संरक्षण समितिको कुनै एक पदाधिकारीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Long. | Lat | | | | राम्रो अवस्था (मर्मत गर्न नपर्ने) | चालू हालतमा तर सामान्य मर्मत गर्नूपर्ने | चालू हालतमा तर जिर्ण अवस्थामा | पुन निर्माण गर्नुपर्ने अवस्था | | नाम | सम्पर्क नम्वर | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

अनुसूचि २

(कार्यविधिको दफा ८ को उपदफा (१) र (२)संग सम्वन्धित)

................. गाउँपालिका

.......................गाउ कार्यपालिकाको कार्यालय

.................................

कर्णाली प्रदेश

......................... योजना

हस्तान्तरण प्रमाण – पत्र

...............गाउँपालिका र .................. उपभोक्ता समिति ............. गाउँपालिका वडा नं ......... विच ...... मितिमा ................................. योजना निर्माण तथा कार्यान्वयन गर्न सम्झौता भए बमोजिम उक्त आयोजनाको निर्माण कार्य सम्पन्न भएकोले सो योजनाको दिगो संचालन, रेखदेख तथा मर्मत सम्भार समेतको जिम्मेवारी ........... उपभोक्ता समितिले लिने गरी आज मिति .................. का दिन .......................... योजना ........................... उपभोक्ता समिति ................ गाउँपालिका ..... वडा लाई हस्तान्तरण गरिएको छ ।

| उपभोक्ता समितिको तर्फवाट | वडा कार्यालयको तर्फवाट | गाउँपालिकाको तर्फवाट |
|---|---|---|
| नामः | नामः | नाम : |
| पद : | पद : | पद |
| ठेगाना : | ठेगाना : | ठेगानाः |
| मितिः | मितिः | मितिः |

नोट : परियोजना विशेषको लागि सम्वन्धित सहयोगी निकायको पनि हस्तान्तरण पत्रमा समावेश गर्न सकिने छ ।

## गाउँपालिकाको भुमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थपना तथा परिचालनमा सहजीकरण गर्ने
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउने
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म विमाको लागि समन्वय तथा सहजीकरण गर्ने
- विपद परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्ने

## वडा कार्यालयको भुमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थपना तथा परिचालनमा सहजीकरण गर्ने
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउन सहजीकरण गर्ने
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म विमाको लागि सहजीकरण गर्ने
- विपद परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्न सहजीकरण गर्ने

## उपभोक्ता समितिको भुमिका

- आयोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउने
- आयोजनाको मर्मत सम्भारको लागि पुर्ण जिम्मेवार हुने
- मर्मत सम्भार कोष स्थापना तथा परिचालनको लागि आवश्यक व्यवस्था गर्ने
- उपभोक्ता समितिको क्षमताले आयोजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा मात्र आयोजना मर्मत सम्भारको लागि गाउँपालिका तथा वडा कार्यालयवाट सहयोग लिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पुर्वाधार आयोजनाको विमा गर्ने
- मर्मत सम्भार कोषको प्रचलित कानुन अनुसार लेखा परिक्षण गराउने
- पुर्वाधार आयोजना मर्मत सम्भार कार्यविधिमा भएको प्रावधान अनुसार अन्य कार्यगर्ने

## अनुसूचि ३

(कार्यविधिको दफा ९ को उपदफा (३) संग सम्वन्धित)

दार्मा गाउँपालिका, *सल्यान* जिल्ला

पूर्वाधार आयोजनाको मर्मत सम्भारको लागि छनौट भएका मर्मत सम्भार कार्यकर्ताको भूमिका देहाय बमाजिम रहने छ :–

क) उपभोक्ता समिति वा संरक्षण समिति सँग भएको सम्झौता बमोजिम कार्य गर्ने ,

ख) मर्मत सम्भार कार्यकर्ताले सम्वन्धित आयोजना निर्माणाधिनमा छ भने निर्माणधिन आयोजनामा परिचालीत भई कार्य गर्ने र सो को लागि उपभोक्ता समिति वा संरक्षण समितिले आवश्यक ब्यवस्था मिलाउने

ग) आयोजनाको नियमित रेखदेख गर्ने

घ) आयोजनामा मर्मत तथा सम्भारको लागि विना वजेट गर्न सकिने सरसफाई तथा सानोनितो मर्मत गरी आयोजना सँचालन गर्ने

ङ ) आयोजनामा कुनै समस्या भएमा तुरुन्तै उपभोक्ता समिति वा संरक्षण समितिको जिम्मेवार ब्यक्तिलाई जानकारी दिने

च) आयोजना मर्मतको लागि कुनै सामाग्री खरिद गर्नुपर्ने भएमा उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।

छ) गाउँपालिका, उपभोक्ता समिति वा संरक्षण समिति वा अन्य कुनै निकायवाट आयोजनाको मर्मत सम्भार सम्वन्धित कुनै तालिम वा कार्यक्रममा सहभागी हुनको लागि छनौट गरेमा उक्त तालिम वा कार्यक्रममा सहभागी हुने

ज) उपभोक्ता समिति वा संरक्षण समितिले सल्लाह सुझाब दिए बमोजिम आयोजनासँग सम्वन्धित अन्य कार्य गर्ने ।

## अनुसूचि ४

(दफा १० को उपदफा (९) संग सम्वन्धित)

दार्मा गाउँपालिका, *सल्यान* जिल्ला

### १. उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तब्य र अधिकार

उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तब्य अधिकार देहाय बमोजिको हुनेछ ।

क) पूर्वाधार आयोजनाको कार्यान्वयन प्रक्रियाको जानकारी लिई उपभोक्ता वा संरक्षण समुहका सदस्यहरुलाई जानकारी प्रदान गर्ने

ख) आयोजना कार्यान्वयनको अवधि, कार्ययोजना तथा डिजाईन वारे गाउँपालिका र निर्माण ब्यवसायीसँग जानकारी लिई लाभग्राहिहरुलाई जानकारी प्रदान गर्ने

ग) गाउँपालिका र निर्माण ब्यवसायीले योजना कार्यान्वन प्रक्रिया तथा मर्मत सम्भार कोषको ब्यवस्थापनको लागि आव्हान वा आयोजना गरेको कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्ने

घ) समितिका पदाधिकारीहरुको कार्य सम्पादनलाई प्रभावकारी वनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी वाँडफाँड गर्ने । साथै आवश्यक परेका समितिका सदस्यहको क्षमता विकास गर्ने ।

ङ) आयोजना कार्यान्वयनको क्रममा गुणस्तर कायम भए नभएको अनुगमन गरी आवश्यक परेमा गाउँपालिकामा जानकारी प्रदान गर्ने ।

च) आयोजना कार्यान्वयनको क्रममा मापदण्ड अनुसारको गुणस्तर नपाईएमा निर्माण ब्यवसायीलाई गुणस्तर कायम गर्नको लागि अनुरोध गर्ने ।

छ) वारम्वार अनुरोध गर्दा पनि निर्माण ब्यवसायीवाट मापदण्ड अनुसारको गुणस्तर कायम नभएमा गाउँपालिकावा अन्य सम्वन्धीत निकायमा जानकारी गराउने ।

ज) मर्मत सम्भार कार्यका लागि आयोजना मर्मत सम्वन्धी विशेष सिपको आवश्यक परेमा सो को आवश्यक ब्यवस्था गर्न पहल गर्ने

झ) मर्मत सम्भार कोष स्थापना तथा परिचालन सम्वन्धी समय सापेक्ष नियम तर्जुमा गरी आम भेलाकोवाट सम्भव भए सम्म आम सहमति, आम सहमति हुन नसकेका वहुमत सदस्यहरुवाट स्विकृत गराई कार्यान्वयन गर्ने ।

ञ)  लाभग्राहीहरुवाट संकलन गर्ने सेवा सुल्कको निर्धारण उपभोक्ताहरुको आमभेलावाट निर्णय गरी शुल्क निर्धारण गरी कार्यान्वयन गर्ने ।

ट)  आम्दानी खर्चको हिसाव किताव चुस्त दुरुस्त राख्ने र प्रचलित कानुन अनुसार लेखापरिक्षण, सार्वजनिक लेखा परिक्षण गरी पारदर्शिता कायम गर्ने ।

ठ)  उपभोक्ता समिति वा संरक्षण समितिमा आयोजना हस्तान्तरण पश्चात उक्त आयोजनाको मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको हुने भएकोले सो को लागि शुरु देखि नै श्रोत तथा सिपको लागि आवश्यक ब्यवस्था गर्ने

डा)  कुनै विशेष कारणवस योजना विग्रन गई उपभोक्ता वा संरक्षण समितिको एकल प्रयासले मात्र योजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा गाउँपालिकावा अन्य सरोकार निकायहरु सँग समन्वय र सहकार्य गरी योजनाको मर्मत सम्भार कार्यको लागि पहल गर्ने ।

ढ)  मर्मत सम्भारको लागि गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नुपर्ने अवस्थामा सो को लागि समयमा नै पहल गरी योजना तर्जूमा प्रक्रियामा समावेश गर्न पहल गर्ने ।

ण)  आयोजनाको नियमित रेखदेख गर्ने

त)  आयोजनामा मर्मत तथा सम्भारको लागि विना वजेट गर्न सकिने सरसफाई तथा सानोनितो मर्मत गरी आयोजना संचालन गर्ने

थ)  आयोजनाको प्रकृति अनुसार योजना सम्पन्न पश्चात उक्त योजनाको रेखदेख तथा मर्मत सम्भारको लागि स्थानी स्तरमा उपभोक्ता समुहको निर्णय अनुसार मर्मत सम्भार कार्यकर्ता ( Operator) छनौट गरी निर्माण ब्यवसायी सँगको सहकार्यमा सम्वद्ध आयोजनामा परिचालन गर्ने

द)  आयोजनामा कुनै समस्या भएमा गाउँपालिकावा सम्बन्धित वडा कार्यालयमा जानकारी दिने

थ)  आयोजनाको प्रकृति अनुसार पुर्वाधार आयोजनाको विमा गर्ने

ध)  अन्य उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधिमा उल्लेख भए बमोजिमको हुनेछ ।

## २.  गाउँपालिकाको काम कर्तब्य र अधिकार

क)  निर्माण ब्यवसायी मार्फत आयोजना संचालन हुने स्थानीय समुदायसँग छलफल गरी स्थानीय उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी उपभोक्ता समिति वा आयोजना सँरक्षण समिति गठन गर्न सहजीकरण गर्ने

ख)  निर्माण ब्यवसायी मार्फत पूर्वाधार आयोजना सञ्चालन गर्दा आयोजना सञ्चालन प्रक्रिया, आयोजनाको डिजाईन तथा लगत इष्टिमेटवारे स्थानीय उपभोक्ता वा संरक्षण समितिलाई कार्यक्रम कार्यान्वय पूर्व जानकारी दिने ।

ग) उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआती चरण देखि नै छलफल गरी गुणस्तर कायम गर्नको लागि आवश्यक व्यवस्था मिलाउने

घ) आयोजना सम्पन्न पश्चात आयोजना उपभोक्ता वा संरक्षण समितिलाई हस्तान्तरण गर्ने वारे स्थानीय समितिलाई आश्वस्त पारी मर्मत सम्भार कोषको व्यवस्था वारे उपभोक्ता समिति वा संरक्षण समितिसँग छलफल गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई मर्मत संभार कोष स्थापना गर्नको लागि उत्प्रेररित गर्ने

ङ) उपभोक्ता वा संरक्षण समितिलाई कानुनी मान्यता प्रदान गर्नको लागि अवश्यक प्रक्रिया पुरा गर्न उत्प्रेरित गर्नुका साथै सहजीकरण गर्ने

च) आयोजना हस्तान्तरण पश्चात आयोजनाको मर्मत सम्भार गर्ने व्यवस्था उपभोक्ता वा संरक्षण समितिको हुने भएता पनि उपभोक्ता समितिको एकल प्रयासले सम्भव नहुने अवस्थामा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने

छ) गाउँपालिका भित्रका पूर्वाधार आयोजनाहरुको अद्यावधिक गरी अभिलेखिकरण गर्नुका साथै मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी वजेट विनियोजनको लागि आवश्यक प्रक्रिया मिलाउने

ज) निर्माण ब्यवसायीसँग पूर्वाधार आयोजना कार्यान्वयन गर्ने शिलशिलामा सम्झौता गर्दा आयोजना हस्तान्तरण गरिएको १ वर्ष ( सम्झौतामा तोकिएको अवधि) सम्म योजनामा कुनै समस्या भएमा उक्त योजनाको मर्मत सम्भार सम्वन्धीत निर्माण ब्यवसायीले गर्नुपर्ने ब्यवस्था उल्लेख गर्नेछ ।

झ) कुनै भवितब्य परि उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण भएको योजना अचानक मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा उक्त योजनालाई उपभोक्ता समितिको एकल प्रयासले मर्मत सम्भार गर्न नसक्ने अवस्थामा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले मर्मत सम्भार कार्यको लागि सहयोग गर्नेछ ।

ञ) तर योजना निर्माण गर्ने क्रममा निर्माण ब्यवसायीको लापरवाहिको कारणले गर्दा उक्त योजना विग्रन गएको अवस्थामा भने उक्त आयोजनाको मर्मत सम्भार गर्ने कार्य निर्माण ब्यवसायीले गर्नुपर्नेछ ।

ट) उपभोक्ता समिति वा मर्मत समिति, आदिको योजना मर्मत सम्भार तथा ब्यवस्थापन सम्वन्धी आवश्यक क्षमता अभिवृद्धि गर्ने

ठ) आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पुर्वाधार आयोजनाको विमाको लागि समन्वय तथा सहजीकरण गर्ने ।

ड) समय समयमा हस्तान्तरित योजनाहरुको अनुगमन तथा मुल्याँकन गरी उत्कृष्ठ उपभोक्ता समिति वा संरक्षण समितिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने ।

## अनुसूचि ५

## उपभोक्ता समितिको तहमा रहने मर्मत सम्भार कोष संकलन तथा परिचालन

### १. भूमिका

दार्मा गाउँपालिका वडा नं ...... मा निर्माणको क्रममा रहेको वा निर्माण सम्पन्न भई सकेको ................ सामुदायिक पूर्वाधार आयोजना (जस्तै खानेपानी, साना सिचाई, उच्चघर आदि) लाई दिगो रुपमा सञ्चालन गर्न र सो आयोजनावाट प्राप्त हुने लाभलाई निरन्तर रुपमा हासिल गर्नका लागि ...........................उपभोक्ता समिति वा संरक्षण समिति तहमा मर्मत सम्भारको कार्य गर्ने सम्वन्धमा आवश्यक ब्यवस्था गर्न वाञ्छनीय भएको ........... उपभोक्ता समिति वा संरक्षण समितिले गाउँपालिकास्तरको पूर्वाधार आयोजना मर्मत सम्भार सम्वन्धि कार्यविधिको परिधि भित्र रही देहाय बमोजिमको कार्यविधि वनाई लागु गरेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम ......... आयोजना मर्मत सम्भार सम्वन्धी कार्यविधि २०७९ रहेको छ । यो कार्यविधि उपभोक्ता समिति वा संरक्षण समितिको वैठकले निर्णय गरे पछि तुरुन्त लागु हुनेछ ।

**३. कार्यविधिको मुख्य उदेश्य : यस कार्यविधिको उद्देश्य देहय बमोजिम रहेको छ :–**

क. पूवार्धार आयोजनालाई दिगो रुपमा सञ्चालन गर्नु ।

ख. आयोजना सञ्चालन तथा मर्मत सम्भारमा उपभोक्ता समितिलाई जवाफदेहि वा जिम्मेवारी वनाउनु ।

ग. खानेपानी आयोजनावाट उपभोक्ताहरुले दिर्धकाल सम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था श्रृजना गनु ।

घ. नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्न गराउनु ।

### ४. पूर्वाधार आयोजना मर्मत सम्भार कार्य सँचालन प्रक्रिया

(१) उपभोक्त समितिले आयोजनाको मर्मत सम्भार तथा ब्यवस्थापनको लागि समितको एक जना सदस्यलाई जिम्मेवारी तोकि आयोजना निर्माणको शुरुवाती चरण देखि नै आयोजनाको निर्माण कार्यमा संलग्न गरि परिचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको व्यक्तिलाई आयोजना निर्माणको समय देखि सम्पन्न पश्चात सम्म आयोजनाको संरक्षण, ब्यवस्थापन, रेखदेख तथा मर्मत सम्भारको लागि परिचालन गर्नु पर्नेछ ।

(३) पुर्वाधार आयोजनाको संरक्षण, ब्यवस्थान, रेखदेख तथा मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

(४) पुर्वाधार आयोजनाको मर्मत सम्भारको सम्पुर्ण दायित्व उभोक्ता समिति वा संरक्षण समितिको हुनेछ ।

(५) उपदफा (४) बमोजिम आयोजनाको मर्मत सम्भार गर्ने पुर्ण दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको भएता पनि उपभोक्ता समिति वा संरक्षण समितिको क्षमताले नसक्ने भएमा गाउँपालिकावा अन्य निकायहरुको आर्थिक तथा प्राविधक सहयोगमा उपभोक्ता समितिले आयोजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद परी आयोजनाको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा सो को जानकारी गाउँपालिकालाई गराई संघीय कानुन अनुसार आयोजनाको मर्मत सम्भारको लागि पहल गरिने छ ।

**५. मर्मत सम्भार कोष स्थापना तथा परिचालन :** (१) आयोजनाको नियमीत मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोत संकलन तथा परिचालन गर्न उपभोक्ता समिति वा संरक्षण समिति स्तरमा मर्मत सम्भार कोष रहने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति/संरक्षण समिति स्तरमा रहने कोष सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको निर्णय अनुसार सम्वन्धित दार्मा गाउँपालिकाले तोकेको बैंक वा वित्तीय संस्थामा सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्नु पर्नेछ

(३) उपदफा (२) बमोजिमको खाताको सञ्चालन सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट हुनेछ र खाता सञ्चालकहरुमध्ये अनिवार्य रुपमा कम्तीमा एक जना महिला हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको लागि देहाय बमोजिमको श्रोतहुन सक्नेछ ।

(क) उपभोक्ता समुह सदस्यहरुवाट मासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा ………… दरले सेवा शुल्क वापत उठाएको रकम,

(ख) पालिकाले उपलब्ध गराएको मर्मत सम्भार कोष वापतको रकम,

(ग) आय आर्जन क्रियाकलाप संचालनको लागि लगानी गर्दा प्राप्त हुने रकम

(घ) विकास साझेदार, स्थानीय संघ संस्था, सरकारी निकाय वा अन्य कुनै ब्यक्तिवाट निकायहरुवाट वैधानिक रुपमा प्राप्त गरेको रकम

(५) दफा (४) बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिको मर्मत सम्भाार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नुपुर्व उपभोक्ता समितिले मर्मत सम्भार कार्यको विस्तृत विवरण सहितको योजना गाउँपालिकावाट स्विकृत गराउनु पर्नेछ ।

(६) उपभोक्ता समिति वा संरक्षण समितिले गाउँपालिकको मर्मत सम्भार कार्यविधिले तोके भन्दा बढी रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा गाउँपालिकावा वडा कार्यालयवाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लगत अनुमान गराई सो स्विकृत लगत अनुमान अनुसार मर्मत सम्भार कार्य गर्नुपर्ने छ ।

६. **मर्मत सम्भार कोष प्रयोग गर्न नपाईने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा जम्मा भएको रकम प्रयोग गर्न पाईने छैन

(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न

(२) कुनै किसिमको गोष्ठी, अर्न्तक्रिया, क्षमता विकास वा सेमिनारमा भाग लिन तर पुर्वाधार आयोजनाको रेखदखमा खटिने ब्यक्तिको आयोजनासँग सम्वन्धित सीप विकासको लागि यस वुँदाले वाधा पार्ने छैन ।

७. **कोषको लेखा तथा लेखा परिक्षण** : कोषको लेखा तथा लेखा परिक्षण प्रचलित कानुन अनुसार हुनेछ ।

८ **अनुगमन सम्वन्धी ब्यवस्था** : (१) उपभोक्ता वा संरक्षण समितिले यस कार्यविधि बमोजिम मर्मत सम्भार कार्यको नियमित वा आकस्मिक रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिले गरेको मर्मत सम्भार तथा पूर्वाधार आयोजनाहरुको ब्यवस्थापन सम्वन्धी कार्यको नियमित अनुगमन गाउँपालिका तथा वडा कार्यालयवाट हुनेछ ।

९. **कार्यविधिको संसोधन तथा परिमार्जन**

गाउँपालिकको मर्मत सम्भार कार्यविधिसँग नबाँझिने गरी उपभोक्ता समिति वा संरक्षण समितिको बहुमतको निर्णय अनुसार यस कार्यविधि संसोधन तथा परिमार्जन हुन सक्नेछ ।

आज्ञाले,

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत